Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी)

**(Quality Technical and Vocational Education and Training for Youth (QualiTY) Project)**

## परियोजना

## कार्यक्रम कार्यान्वयन मार्गदर्शन / वार्षिक कार्ययोजना (आ.व.२०८२/२०८३)

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

QualiTY
Quality TVET for Youth

Technical Assistance:
swisscontact



Scanned with CamScanner

# विषय सूची

संक्षिप्त शब्दावली:.......... 2

परियोजनाको भूमिका र पृष्ठभूमी.......... 3

परियोजनाको लक्ष्य र परिणाम .......... 3

परियोजनाका क्रियाकलापहरु.......... 3

कार्यक्रम कार्यान्वयन योजना.......... 4

आ.व. २०८२/८३ मा सञ्चालन हुने कार्यक्रमहरु र कार्यान्वयन प्रक्रिया :.......... 4

विनियोजित बजेट आ.व. २०८२/८३.......... 18

Scanned with CamScanner

## संक्षिप्त शब्दावली:

| | |
|---|---|
| MoEST | : Ministry of Education, Science and Technology |
| CTEVT | : Council for Technical Education and Vocational Training |
| MoSD | : Ministry of Social Development |
| CS | : Communication Strategy |
| GESI | : Gender Equality and Social Inclusion |
| QualiTY | : Quality Technical and Education Vocational and Training for Youth |
| OJT | : On the Job Training |
| PCIU-F | : Project Coordination and Implementation Unit in the Federal |
| PCIU-P | : Project Coordination and Implementation Unit in the Province |
| PSC | : Project Steering Committee |
| PPSC | : Provincial Project Steering Committee |
| PPSU | : Provincial Project Support Unit |
| SIP | : School Improvement Plan |
| TVET | : Technical and Vocational Education and Training |
| TSSP | : TVET Sector Strategic Plan |
| YPO | : Yearly Plan of Operation |



Scanned with CamScanner

## परियोजनाको भूमिका र पृष्ठभूमी

नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training) प्रणालीलाई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने एउटा महत्वपूर्ण माध्यमका रुपमा स्वीकार गरेको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, शंसोधन (२०७८) अनुसार सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार भित्र परेका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र अन्तर्गत कार्य गर्ने गरी सन् २०२२ अगष्ट ३ मा नेपाल सरकार र स्वीस सरकार बीच भएको दुई पक्षीय सम्झौता अनुसार (क्वालिटी) परियोजनाको आ.व. २०८२ /०८३ का कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यो वार्षिक कार्ययोजना तयार गरिएको छ । यस परियोजनाको पहिलो चरण सन् २०२२ को सेप्टेम्बर १ वाट सुरु भई सन् २०२६ को जुलाई १५ मा सम्पन्न हुनेछ । यो परियोजनाका कार्यक्रमहरु संघीय स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) ले कार्यान्वयन गर्नेछन्/ भने प्रदेश सरकारको तर्फबाट सामाजिक विकास मन्त्रालयद्वारा स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिने छ । परियोजनालाई स्वीस सरकार विकास सहयोगको (SDC) तर्फबाट स्वीस कन्टयाक्ट (Swisscontact) ले प्राविधिक सहयोग प्रदान गरेको छ ।

## परियोजनाको लक्ष्य र परिणाम

यस परियोजनामा एउटा लक्ष्य र तीन (३) वटा परिणामहरू राखिएको छ ।

लक्ष्यः नेपाली युवाहरु विशेष गरी सुविधा बिहिन समूहका युवाहरु गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम र त्यसबाट सिर्जना हुने रोजगारीबाट लाभान्वित हुनेछन् ।

परिणाम १: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय द्वारा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका प्रष्ट नीति तथा मापदण्डहरु तयार पारिने छन् ।

परिणाम २: प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको कार्यालयले स्तर निर्धारण प्रक्रिया लागू गर्दछ र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुको व्यवस्थापन गर्न स्थानीय तहहरूसँग सहकार्य गर्दछ ।

परिणाम ३: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुले गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरूमा खास गरी विपन्न वर्गका युवाहरूको भर्ना दर साथै अध्ययनमा टिकाउ दर बृद्धि हुनेछ ।

नोटः माथिका ३ वटा अपेक्षित परिणामहरु मध्ये परिणाम २ र ३ का कार्यक्रमहरु प्रदेश सरकारबाट कार्यान्वयन हुनेछन् भने परिणाम १ अनुसारका कार्यक्रमहरु संघीय सरकारबाट कार्यान्वयन हुनेछन् ।

## परियोजनाका क्रियाकलापहरु

यस परियोजनाका आर्थिक वर्ष २०८२।०८३ मा संचालन गरिने मुख्य मुख्य कार्यक्रमहरु निम्नानुसार छन् ।

१. टिभेट सरोकारवालाहरूका लागि कार्यशाला सञ्चालन,

२. प्रादेशिक टीएसएसपी निर्माण, कार्ययोजना तयारी र सरोकारवालाहरुलाई अभिमुखिकरण,

३. परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन,

४. प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि सहजीकरण,

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री



Scanned with CamScanner

५. मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघीय निकायद्वारा आयोजित तालिम तथा गोष्ठीहरु

६. टिभेट शिक्षालयहरुलाई स्तर निर्धारणको लागि सहजीकरण,

७. टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण,

८. टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण,

९. प्रशिक्षक प्रशिक्षणका लागि सहयोग तथा सहजीकरण,

१०. प्रादेशिक TVET प्रोफाइल नेपालीमा अनुवाद र प्रकाशन,

११. श्रोत व्यवस्थापन र TVET शिक्षालय व्यवस्थापन,

१२. TVET सञ्चालन र व्यवस्थापनका लागि Industry-Institute सहकार्य र समन्वय अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी

१३. शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग,

१४. मन्त्रालय, टिभेट शिक्षण संस्थाका प्राचार्य, प्रशिक्षक, प्रशासनिक कर्मचारी र व्यवस्थापकहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन,

१५. शिक्षालय सुधार योजना (SIP) / आइ.सी.टी. (ICT) र नमुना शिक्षालय सहयोग कार्यान्वयनको समीक्षा कार्यशाला सञ्चालन,

१६. प्रदेश स्तरमा TVET छात्रवृत्ति सम्बन्धी निर्देशिका सुधार तथा परिमार्जन,

१७. नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग ।

कार्यक्रम कार्यान्वयन योजना

आ.व. २०८२/८३ मा सञ्चालन हुने कार्यक्रमहरु र कार्यान्वयन प्रक्रिया :

२.१.१ टिभेट सरोकारवालाहरूका लागि कार्यशाला सञ्चालन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९९ | १ | पटक | ४ लाख | पहिलो/दोस्रो |

| | |
|---|---|
| पृष्ठभूमि | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) प्रणालीलाई समावेशी, गुणस्तरीय, मागमा आधारित र रोजगारमुखी वनाउने आवश्यकता दिनानुदिन बढ्दो छ । संघीय शासन प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय तहवीचको कार्यविभाजनले TVET प्रणालीको योजना, कार्यान्वयन र अनुगमनमा स्पष्टता आवश्यक बनाएको छ । साथै नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला संस्थाहरूबीच सहकार्य, समन्वय र साझा समझदारी आवश्यक भएकाले टिभेट सरेकारवालाहरुका लागि कार्यशाला सञ्चालन गरिनेछ । उक्त कार्यशालाको सरोकारवालाहरुमा परियोजनाका विभिन्न समितिहरु, निर्देशनालय, डिभिजन कार्यालयहरु, पालिकाहरु र निजि क्षेत्र रहनेछन। कार्यशालाले प्रदेश भित्रको प्राविधिक शिक्षाको अवस्था, गुणस्तर र चासोको विषयमा छलफल गरि सरोकारवालाहरुवीच एक रुपताको वुझाई तयार गर्नेछ । |



नि. प्रदेश सचिव
Scanned with CamScanner

| | |
|---|---|
| | कार्यशालाले नीति निर्माणदेखि समग्र TVET कार्यक्रम कार्यान्वयनसम्मको प्रक्रिया थप प्रभावकारी र उत्तरदायी बनाउन सहयोग पुर्याउँछ । |
| उद्देश्य | TVET कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने । |
| अपेक्षित उपलव्धि | • प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीलाई समावेशी, गुणस्तरीय, मागमा आधारित र रोजगारमुखी बनाउन सबै सरोकारवालाहरुको सहकार्य भएको हुनेछ । |
| संचालन प्रक्रिया | • कार्यशालामा सहभागी गराईने सरोकारवालाहरुको विवरण तयार गर्ने ।<br>• कार्यशाला संचालनका लागि व्यवस्थापकीय कार्य गर्ने ।<br>• कार्यशालाको मिति, समय र स्थान तय गर्ने ।<br>• सहभागीहरुलाई उपस्थितिको लागि आमन्त्रण गर्ने ।<br>• प्रदेशको प्राविधिक शिक्षाको अवस्था, गुणस्तर तथा चासोका विषयमा प्रस्तुतीकरण गर्ने।<br>• विभिन्न सरोकारवालाहरुको भुमिकाको बारेमा छलफल गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | MoSD, Lumbini |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| प्रगती सूचक | टिभेट सरोकारवालाहरूको उपस्थिति र उठेका विषय वस्तु सहितको प्रतिवेदन । |

२.१.२ प्रादेशिक टीएसएसपी निर्माण, कार्ययोजना तयारी र सरोकारवालाहरुलाई अभिमुखिकरण ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५७४ | १ | पटक | ३ लाख | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपाल सरकारको TVET Sector Strategic Plan (TSSP) 2023–2032 लाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न संघीय संरचनासँग मेल खाने गरी प्रादेशिक स्तरमा रणनीतिक योजना (TSSP) निर्माण गर्नु अपरिहार्य छ । यसले प्रदेशका विशिष्ट आवश्यकता, चुनौती, अवसर, श्रम बजारको माग तथा स्थानीय प्राथमिकतालाई सम्बोधन गर्न मद्दत पुऱ्याउँछ । प्रादेशिक स्तरको TSSP निर्माणले प्रदेशभित्रका सबै टिभेट सम्बन्धी गतिविधिहरूलाई सहकार्यपूर्ण, योजनाबद्ध र दिगोपना सुनिश्चितता गर्दछ । साथै, यसले संघीय रणनीतिक दिशानिर्देशसँग प्रदेशको योजना समन्वय गर्न सहयोग पुऱ्याउँछ । यस सन्दर्भमा प्रत्येक प्रदेशमा TSSP निर्माण प्रक्रिया अगाडि बढाउनका लागि कार्ययोजना तयारी गर्नु आवश्यक हुन्छ । |
| उद्देश्य | प्रादेशिक स्तरमा TVET को पहुँच र गुणस्तर कायम गर्न प्रादेशिक रणनीतिक योजना (TSSP) तयार गर्नु । |
| अपेक्षित उपलव्धि | TSSP को आधारमा प्रादेशिक TVET रणनीति तयार भएको हुनेछ । |
| संचालन प्रक्रिया | • TVET क्षेत्रको प्रादेशिक रणनीतिक योजना (PTSSP) मस्यौदा तयार गर्नको लागि समिति गठन गर्ने । |

नि. प्रदेश सचिव
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्रालय



Scanned with CamScanner

| | |
|---|---|
| | • गत आ. व.मा संचालन भएका PTSSP सम्बन्धि कार्यशालाका सुझावहरु, संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको TVET रणनैतिक योजना र प्रादेशिक TVET प्रोफाईलको अध्ययन गर्ने ।<br>• प्रादेशिक TVET रणनैतिक योजनाको मस्यौदा तयार गर्ने ।<br>• प्रादेशिक TVET रणनैतिक योजनाको मस्यौदामा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरि सुझावहरु समेत समेटेर अन्तिम रुप दिने ।<br>• प्रादेशिक TVET रणनैतिक योजनाको स्वीकृत गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PICC-P |
| बजेट बाँडफाट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | प्रादेशिक टीएसएसपी तयार भएको हुनेछ । |

२.१.३. परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९८ | १० | पटक | ३ लाख | निरन्तर |

| | |
|---|---|
| पृष्ठभूमि | नेपाल सरकार र स्वीस सरकारको दुई पक्षीय सम्झौतावाट TVET क्षेत्रमा सञ्चालन हुने क्वालिटी परियोजना (QualiTY Project) को दस्तावेजमा विभिन्न समितिहरुको व्यवस्था गरिएको छ । माननीय मन्त्रीज्यूको अध्यक्षतामा PPSC, सचिवज्युको अध्यक्षतामा PICC-P, महाशाखा प्रमुखको संयोजकत्वमा PCIU-P रहने व्यवस्था छ । कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयनको चरणमा उक्त समितिहरुको बैठक व्यवस्थापन गरी आवश्यक निर्णयहरु गराउन विभिन्न समितिहरुको बैठक संचालन गरिनेछ । विभिन्न समितिहरुको बैठकहरुमा PPSC को बैठक बर्षको दुई पटक, PICC-P को बैठक त्रैमासिक र PCIU-P बैठक आवश्यकताको आधारमा संचालन गरिनेछ । |
| उद्देश्य | क्वालिटी परियोजना अन्तर्गतका कार्यक्रमहरुको योजना, कार्यान्वयनका लागि आवश्यक निर्णयहरु गर्नु । |
| अपेक्षित उपलव्धि | • आवश्यकता अनुसार विभिन्न समितिहरुको बैठक संचालन भएको हुनेछ ।<br>• प्रभावकारी रुपमा योजना अनुसार कार्यक्रम कार्यान्वयन भएका हुनेछ ।<br>• समय समयमा कार्यक्रम कार्यान्वयको अवस्था र प्रगतीको बारेमा छलफल भएको हुनेछ ।<br>• कार्यक्रमको सुधारात्मक पक्षको बारेमा समयमै पृष्ठपोषण प्रदान भएको हुनेछ । |
| संचालन प्रक्रिया | • PCIU-P वाट विभिन्न बैठकहरुका लागि छलफलका बुँदाहरु (एजेण्डा) तयार गर्ने ।<br>• बैठकहरुका लागि सम्बन्धित समिति तथा उप-समितिका सदस्यहरुलाई आमन्त्रण गर्ने।<br>• बैठकको स्थान तथा अन्य व्यवस्थापकीय कार्य गर्ने ।<br>• बैठक संचालन गरी माईन्युट तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |

नि. प्रदेश सचिव मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास म



Scanned with CamScanner

| | |
|---|---|
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | विभिन्न बैठकहरुका हाजिरी, फोटो, निर्णयहरु । |

## २.१.४ प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि सहजीकरण ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९० | १ | पटक | ४ लाख | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालको संघीय शासन प्रणाली अनुसार शिक्षा र सीप विकास सम्वन्धी धेरै कार्यहरू प्रदेश सरकारको जिम्मेवारीमा परेका छन् । प्रदेशको सामाजिक—आर्थिक परिवेश, श्रम बजारको आवश्यकता, तथा युवाहरूको क्षमता अभिवृद्धि गर्नु प्रदेश सरकारहरूको प्राथमिकता बन्न थालेको छ । यसै सन्दर्भमा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) लाई सुदृढ, प्रभावकारी र सन्दर्भअनुसार कार्यान्वयन गर्नका लागि प्रादेशिक टिभेट कार्यालयको स्थापना अपरिहार्य छ । यस क्रियाकलापले टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य गर्न सहयोग गर्नेछ । |
| उद्देश्य | • प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य गर्नु । |
| अपेक्षित उपलब्धि | • प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य भएको हुनेछ ।<br>• मन्त्रालय, CTEVT, निजी क्षेत्र लगायत सरोकारवालासँग परामर्श भएको हुनेछ ।<br>• प्रदेश र संघीय सरकारबीच नीति र कार्यान्वयनमा सहकार्य भएको हुनेछ । |
| संचालन प्रक्रिया | • प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि PICC-P को बैठक बसी छलफल तथा योजना तयार गर्ने ।<br>• प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि सरोकारवालासँग छलफल गर्ने ।<br>• संघीय तहको CTEVT र बागमती प्रदेशको PCTVET अध्ययन गर्ने ।<br>• प्रादेशिक टिभेट कार्यालय स्थापना गर्नका लागी जिम्मेवरी तोक्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PICC-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | प्रादेशिक TVET कार्यालय स्थापनाको लागि कार्ययोजना बनेको हुनेछ । |

## २.१.५ मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघीय निकायद्वारा आयोजित तालिम तथा गोष्ठीहरुमा सहभागिता खर्च ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५८८ | ५ | पटक | ५ लाख | दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालको संघीय संरचनामा प्रदेश तहका मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघीय निकायद्वारा परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न क्षमता विकासका तालिम तथा गोष्ठिहरु संचालन गरिने व्यवस्था रहेको छ । मन्त्रालय |



नि. प्रदेश सचिव जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्रालय

Scanned with CamScanner

| | |
|---|---|
| | अन्तर्गतका कर्मचारीहरुको उक्त कार्यक्रममा सहभागिताको खर्चको व्यवस्थापन गर्न यो कार्यक्रमले सहयोग गर्नेछ । |
| उद्देश्य | सामाजिक विकास मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको तालिम तथा गोष्ठीहरुमा सहभागिताको खर्चको व्यवस्थापन गर्नु । |
| अपेक्षित उपलब्धि | मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा सुधार, प्रभावकारी सेवा प्रवाह, प्रविधिको उपयोग, व्यावसायिक विकास, समस्याको समाधान क्षमता, र नवप्रवर्तनको प्रवर्द्धन हुनेछ । |
| संचालन प्रक्रिया | • PSU तथा अन्य संघीय निकायद्वारा सन्चालन हुने तालिम तथा गोष्ठीहरुको समन्वय गर्ने ।<br>• विभिन्न तालिम तथा गोष्ठीहरुमा सहभागीहरुको छनोट PCIU-P ले गर्नेछ ।<br>• छनोट भएका सहभागीहरुले आवश्यक प्रक्रिया पुरा गरी विभिन्न तालिम तथा गोष्ठीहरुमा सहभागी हुने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PICC-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | तालिम तथा गोष्ठीहरुको उपस्थितिको अभिलेख र प्रतिवेदन। |

२.२.१ टिभेट शिक्षालयहरुलाई स्तर निर्धारणको लागि सहजीकरण।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५६६ | २ | पटक | ४ लाख | पहिलो र दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TVET) क्षेत्रमा गुणस्तर सुनिश्चितता र प्रतिस्पर्धात्मकता वृद्धिका लागि शिक्षालयहरूको स्तर निर्धारण एक अत्यन्तै महत्वपूर्ण प्रक्रिया हो । वर्तमानमा विभिन्न सरकारी तथा गैर-सरकारी निकायहरूद्वारा सञ्चालित टिभेट शिक्षालयहरूको शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापन पक्षहरूमा विविधता देखिन्छ । यस विविधतालाई समान ढाँचामा ल्याई, गुणस्तरीय र उत्तरदायी टिभेट प्रणालीको विकास गर्न शिक्षालयहरूको स्तर निर्धारण अपरिहार्य बनेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले समेत एकरुपता कायम गर्न "प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्वन्धी विनियमावली, २०८१" जारि गरिसकाले सो नियमावली बमोजिमको स्तर निर्धारण गर्नु पर्ने हुन्छ । |
| उद्देश्य | शिक्षालयहरूलाई "प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी विनियमावली, २०८१" अनुसारको स्तर निर्धारण प्रक्रियाको सम्बन्धमा सुसुचित गरि स्तर निर्धारणमा सहभागी हुन प्रेरित गर्ने । |
| अपेक्षित उपलब्धि | • टिभेट शिक्षालयहरू स्तर निर्धारण प्रक्रियामा सहभागी हुनेछन् । |
| संचालन प्रक्रिया | • क्वालिटी परियोजना अन्तर्गत छनोट भएका शिक्षालयहरूलाई आमन्त्रण गर्ने । |



नि. प्रदेश सचिव
मा. अजय तिम्सिना
सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | • सहभागी शिक्षालयहरुलाई स्तर निर्धारणको बारेमा "प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी विनियमावली, २०८१" ले तोकेको मापदण्ड र प्रक्रियाको बारेमा प्रस्तुतिकरण गर्ने । <br>• स्तर निर्धारणमा सहभागी हुन सहभागी शिक्षालयहरु प्रेरित गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PICC-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| प्रगती सूचक | टिभेट शिक्षालयहरू स्तर निर्धारण प्रक्रियामा सहभागी हुनेछन् । |

२.२.२ टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९२ | १ | पटक | ६ लाख | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | प्रादेशिक TVET संस्थाहरूको सुदृढीकरण र क्षमता अभिवृद्धिका लागि अध्ययन र अवलोकन भ्रमणको आयोजना महत्वपूर्ण हुन्छ। विभिन्न प्रदेशहरूमा रहेका सफल TVET संस्थाहरूको अध्ययन र अवलोकनबाट नयाँ ज्ञान, प्रविधि र विधिहरूको अन्वेषण गरिन्छ, जसलाई आफ्नै प्रदेशमा लागू गरी सुधार र नवप्रवर्तन गर्न सकिन्छ । QualiTY परियोजनाको मुख्य काममध्ये राष्ट्रिय मापदण्डको आधारमा प्रदेशका TVET शिक्षण संस्थाहरुमा स्तर निर्धारण प्रकृया लागू र व्यवस्थापनमा सहयोग गर्ने हो । त्यसकारण सबै सरोकारवालाहरुको बुझाईको दयारा बढाउन पनि टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको छ । |
| उद्देश्य | विभिन्न प्रदेशहरूको TVET सम्बन्धी उत्कृष्ट अभ्यासहरू पहिचान गर्ने र अध्ययन भ्रमणमा सहभागीहरूको ज्ञान र सीप अभिवृद्धि गर्नु । |
| अपेक्षित उपलब्धि | नवीनतम प्रविधि र विधिहरूको ज्ञान र शिक्षण गुणस्तरमा सुधार हुनेछ। |
| संचालन प्रक्रिया | • अन्य प्रदेशबाट उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको पहिचान गर्ने । <br>• उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको सुची तयार गर्ने । <br>• अवलोकन भ्रमण का लागि सहभागी छनौट गर्ने । <br>• उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको भ्रमण गर्ने । <br>• TVET शिक्षण संस्थाहरूको व्यवस्थापन र कर्मचारीहरूसँग छलफल र अन्तरक्रिया गर्ने । <br>• भ्रमण प्रतिबेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| वजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | भ्रमणमा सहभागीहरूको संख्यात्मक विवरण, सो क्षेत्रको तस्विरहरु र प्रतिवेदन । |

नि. प्रदेश सचिव
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्रालय



Scanned with CamScanner

२.२.३ टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण ।

| वजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९३ | १५ | पटक | ७ लाख ५० हजार | निरन्तर |
| पृष्ठभूमि | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) शिक्षण संस्थाहरूको गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्न मन्त्रालय तथा परियोजनाको तर्फबाट संयुक्त अनुगमन तथा सुपरिवेक्षण आवश्यक हुन्छ । यसले शिक्षण संस्थाहरूको प्रगति, चुनौतीहरू र सुधारका उपायहरूको पहिचान गर्न मद्दत पुर्‍याउँछ । | | | | | |
| उद्देश्य | • TVET शिक्षण संस्थाहरूको शैक्षिक, प्रशासनिक, र वित्तीय पक्षहरूको अनुगमन । | | | | | |
| अपेक्षित उपलब्धि | • शिक्षण संस्थाहरूमा व्यवस्थापन, गुणस्तरीय शिक्षण सिकाई तथा तालिमको सुनिश्चितता । | | | | | |
| सञ्चालन प्रक्रिया | • PCIU ले कार्ययोजना तर्जुमा गर्ने ।<br>• अनुगमनको लागि टोलि तथा सूचकहरू तयार गर्ने ।<br>• अनुगमन गर्नुपर्ने शिक्षण संस्था र कार्यक्रम निर्धारण गर्ने ।<br>• अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>• पृष्ठपोषण उपलब्ध गराउने । | | | | | |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU | | | | | |
| वजेट बाँडफाँट | नियमानुसार वजेट बाँडफाँट गरी खर्च गर्ने । | | | | | |
| प्रगती सूचक | अनुगमन प्रतिवेदन तथा फोटाहरु । | | | | | |

२.२.४ प्रशिक्षक प्रशिक्षणका लागि सहयोग तथा सहजीकरण ।

| वजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५६५ | २ | पटक | १ लाख | दोश्रो र तेश्रो |
| पृष्ठभूमि | परियोजना सहयोग इकाई (PSU) ले सरकारलाई प्रशिक्षकहरूको दक्षता मापदण्डहरू निर्माण गर्न, प्रशिक्षकहरूको प्रशिक्षण अनुमति- पत्र प्रक्रिया स्थापना गर्न र व्यावसायिक प्रशिक्षकहरूको योग्यता ढाँचा विकास गर्न सहयोग गर्दछ । TVET शिक्षण संस्थाहरुलाई गुणस्तर अभिवृद्धि गर्नको लागि अनुमति-पत्र प्राप्त प्रशिक्षकहरुको ठूलो भूमिका रहने भएकोले TITI सँगको समन्वयमा प्रशिक्षकहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यक्रम समावेश गरिएको छ । सो कार्यको लागि तालिमको लागि आवश्यकता पहिचान, प्रशिक्षकहरुको छनोट र तालिमको प्रभापकरिताको अनुगमन मन्त्रालयबाट हुनेछ । | | | | | |
| उद्देश्य | प्रशिक्षकहरुको प्रशिक्षण क्षमता अभिवृद्धि गर्नु । | | | | | |
| अपेक्षित उपलब्धि | प्रशिक्षकहरूको प्रशिक्षण कौशल र दक्षता वृद्धि भएको हुनेछ । | | | | | |



नि. प्रवेश सचिव
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास

| | |
|---|---|
| संचालन प्रक्रिया | • तालिमको लागि आवश्यकताको पहिचान गर्ने ।<br>• प्रशिक्षक छनोट गर्ने ।<br>• तालिम संचालनका लागि TITI सँग आवश्यक समन्वय गर्ने ।<br>• तालिमको समयमा अनुगमन गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | TVET प्रदायक शिक्षालयहरुमा कार्यरत प्रशिक्षकहरुको तालिममा सहभागीता एवं प्रतिवेदन । |

२.३.१. प्रादेशिक TVET प्रोफाइल नेपालीमा अनुवाद र प्रकाशन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५७५ | १ | पटक | ४ लाख | दोस्रो |

| | |
|---|---|
| पृष्ठभूमि | प्रदेशमा टिभेट क्षेत्रको वस्तुस्थितिको विश्लेषण, उपलब्ध स्रोत साधनको परिचालन, सरोकारवालाको भूमिका, नीति तथा कार्यान्वयन अवस्था, अवसर र चुनौतीहरूको पहिचान गरी प्रादेशिक TVET प्रोफाइल तयार पारिएको हो । प्रारम्भिक रूपमा तयार गरिएको प्रादेशिक TVET प्रोफाइल अंग्रेजी भाषामा रहेकाले प्रदेश तथा स्थानीय तहमा कार्यरत सरोकारवाला, नीतिनिर्माता, योजना संयोजक, तालिम प्रदायक संस्था, सामाजिक परिचालक र लाभग्राहीहरूलाई सजिलोसँग बुझ्न र उपयोग गर्न यसलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्नु आवश्यक रहेकाले उक्त प्रोफाइललाई नेपालीमा अनुवाद गरी प्रकाशन गरिनेछ साथै उक्त प्रोफाइलको वारेमा सरोकारवालाहरुलाई सुसुचित गरिने छ । |
| उद्देश्य | • TVET प्रोफाइल नेपालीमा अनुवाद र प्रकाशनवाट प्रदेश तथा स्थानीय तहमा कार्यरत सरोकारवाला, नीतिनिर्माता, योजना संयोजक, तालिम प्रदायक संस्था, सामाजिक परिचालक र लाभग्राहीहरूलाई सजिलोसँग बुझ्न र उपयोग गर्न सहयोग गर्नु । |
| अपेक्षित उपलव्धि | • लुम्बिनी प्रदेशको TVET क्षेत्रको समग्र प्रोफाइल नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्नु । |
| संचालन प्रक्रिया | • प्रादेशिक TVET प्रोफाइल नेपाली भाषामा अनुवाद गर्ने ।<br>• अभिमुखीकरण र प्रबोधिकरण कार्यक्रमको योजना र तयारी गर्ने ।<br>• सरोकारवालाहरूको उपस्थितीमा प्रादेशिक TVET प्रोफाइल प्रबोधिकरण गर्ने । |
| मुख्य जिम्मेवारी | • PCIU-P, PICC-P |
| बजेट बाँडफाँट | • नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| प्रगती सूचक | • प्रादेशिक TVET प्रोफाइल नेपाली भाषामा अनुवाद भई प्रकाशन भएको । |

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सि...
सामाजिक विकास म...



Scanned with CamScanner

२.३.२ श्रोत व्यवस्थापन र TVET शिक्षालय व्यवस्थापनको लागि PIC लाई क्रियाशील ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५७६ | २ | पटक | ४ लाख | दोस्रो |

| | |
|---|---|
| पृष्ठभूमि | स्थानीय सरकारको प्रमुखको अध्यक्षतामा संचालन हुने परियोजनाहरूको प्रभावकारीता, पारदर्शिता र समन्वय सुनिश्चित गर्न परियोजना कार्यान्वयन समिति (PIC) गठन परियोजना संचालन रहेका स्थानीयतहमा गरिएको छ । यी समितिहरूले परियोजनाको योजना, कार्यान्वयन, अनुगमन, र मूल्याङ्कनमा प्रमुख भूमिका निर्वाह गर्छन् । समितिको नियमित वैठकहरूले परियोजनाको प्रगति, समस्याहरू, समाधानका उपायहरुको बारेमा छलफल गर्न अवसर प्रदान गर्छ । |
| उद्देश्य | परियोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु । |
| अपेक्षित उपलब्धि | परियोजना समयमै सम्पन्न हुनु र परियोजनाको प्रभावकारिता तथा स्थायित्वमा वृद्धि । |
| संचालन प्रक्रिया | • वैठकको मिति, समय, र स्थान निर्धारण ।<br>• वैठकका एजेन्डाहरू तय गर्ने ।<br>• समितिका सदस्यहरूलाई निमन्त्रणा पठाउने ।<br>• एजेन्डाहरू अनुसार छलफल र निर्णयहरू गर्ने ।<br>• समस्याहरू पहिचान गर्ने र समाधानका उपायहरू सुझाउने ।<br>• निर्णयहरूको कार्यान्वयनको जिम्मेवारी तोक्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PIC |
| वजेट बाँडफाँट | नियमानुसार वजेट बाँडफाँट गरी खर्च गर्ने । |
| प्रगती सूचक | वैठकमा सरोकारवालाहरूको सहभागिता र माईन्युट । |

२.३.३ TVET सञ्चालन र व्यवस्थापनका लागि Industry-Institute सहकार्य र समन्वय अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाइ | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५७८ | १ | पटक | २ लाख ५० हजार | तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) को उद्देश्य भनेको श्रम वजार अनुरूप दक्ष जनशक्ति उत्पादन गर्नु हो । तर तालिम लिने अधिकांश युवाहरू रोजगारीमा स्थापित हुन सकिरहेका छैनन् । यसको प्रमुख कारणमध्ये एक हो – उद्योग (Industry) र तालिम संस्था (Institute) बीचको सहकार्य तथा समन्वयको अभाव ।<br>TVET प्रणालीलाई व्यवहारमुखी, श्रम बजार–उन्मुख र दिगो बनाउने हो भने उद्योग र तालिम संस्थाबीचको सहकार्य अनिवार्य छ । त्यसैले अहिलेको TVET सुधारको केन्द्रमा Industry–Institute Partnership (IIP) को अवधारणा राखिएको छ । |



नि. प्रदेश सचिव आ. जन्मजय तिमिल्सिना
सामाजिक विकास

| | |
|---|---|
| उद्देश्य | Industry-Institute सहकार्य र समन्वयमा सहजीकरण गर्नु । |
| अपेक्षित उपलब्धि | • Industry-Institute सहकार्य र समन्वय भएर बजारको माग अनुसारको जनशक्ति उत्पादनमा सहजीकरण भएको हुनेछ ।<br>• विद्यार्थीहरुलाई OJT तथा प्रत्यक्ष व्यावहारिक अभ्यासमा सहभागी गराउन सहज हुनेछ । |
| संचालन प्रक्रिया | • कार्यशालामा सहभागी हुने Industry-Institute को पहिचान गर्ने ।<br>• सहभागीहरुको विचमा प्रस्ताव तथा छलफल गर्ने ।<br>• कार्यक्रम संचालन गरी माईन्युट एवं कार्ययोजना तयार गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PICC-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्नुपर्ने । |
| प्रगती सूचक | बैठकमा सरोकारवालाहरूको सहभागिता र माईन्युट । |

३.१.१ शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५८४ | २३ | वटा | २ करोड १८ लाख ५० हजार | दोस्रो |

| | |
|---|---|
| पृष्ठभूमि | क्वलिटी परियोजनामा छनौट भएका ५३ प्राविधिक शिक्षालयहरूमध्ये हाल ४७ शिक्षालयहरू सक्रिय रूपमा सहभागी छन् । ती शिक्षालयहरूले आफ्ना आवश्यकता अनुसार शिक्षालय सुधार योजना तयार गरी शिक्षालय व्यवस्थापन समितिबाट अनुमोदन गरिसकेका र अहिले कार्यान्वयनको चरणमा रहेकाले प्रभावकारी रूपमा कार्यान्वयन गर्न परियोजनाको तर्फबाट आवश्यक प्राविधिक, वित्तीय र व्यवस्थापन सम्बन्धी सहयोग प्रदान गर्नुपर्ने आवश्यकता देखिएको छ ।<br>शिक्षालय सुधार योजनाको सफल कार्यान्वयनवाट सिकाइ उपलब्धिमा सुधार, दक्ष जनशक्ति उत्पादन, रोजगारीका अवसरमा वृद्धि तथा शिक्षालयहरूको दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित हुने अपेक्षा गरिएको छ । |
| उद्देश्य | छनोट भएका शिक्षालयहरूको सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नु । |
| अपेक्षित उपलब्धि | शिक्षालयहरूको शैक्षिक र व्यवस्थापकीय सुधार भएको हुनेछ । |
| संचालन प्रक्रिया | • PICC-P को वैठक वसी कार्यक्रम कार्यान्वयन बारे छलफल गरी निर्णय गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयले मापदण्ड र प्रस्ताव ढाँचा तयार गरी क्वलिटी परियेजनामा छनौट भएका शिक्षालयहरुवाट प्रस्ताव माग गर्ने ।<br>• मन्त्रालयले प्रस्ताव मुल्याङ्कन गरी शिक्षालयहरुको प्राथमिकिकरण गरि २३ वटा शिक्षालयहरुको छनौट गर्ने ।<br>• मन्त्रालयले छनौट भएका शिक्षालयहरुसंग सम्झौता एवं आवश्यक वजेटको व्यवस्थापन गर्ने । |

नि. प्रदेश सचिव
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्रालय



Scanned with CamScanner

| | |
|---|---|
| | • मन्त्रालयले छनोट भएका शिक्षालयलाई कार्यक्रम कार्यान्वयन प्रक्रियाका बारेमा अभिमुखिकरण गर्ने । • मन्त्रालयले सम्झौता रकमको पहिलो किस्ता बापत् ३० प्रतिशत रकम सम्बन्धित शिक्षालयको खातामा निकाशा गर्नेछ । • शिक्षालयले सम्झौतामा उल्लेख भएबमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्नेछ । • मन्त्रालयले छनोट भएका शिक्षालयहरुले सम्पादन गरेका कामको अनुगमन गर्ने र बील भरपाइको आधारमा अन्तिम किस्ता शिक्षालयलाई भुक्तानी गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी गराई खर्च गर्नुपर्ने । |
| प्रगती सूचक | शिक्षालय सुधार योजनामा छनोट भएका कार्यक्रमहरु सम्पन्न, शिक्षालयको रेकर्ड |

३.१.३ मन्त्रालय, टिभेट शिक्षण संस्थाका प्राचार्य, प्रशिक्षक, प्रशासनिक कर्मचारी र व्यवस्थापकहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५७९ | ६ | पटक | २१ लाख | दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालको संघीय संरचनामा प्रदेश तथा स्थानीय तहका टिभेट क्षेत्रमा काम गर्ने कर्मचारीहरुको भूमिका महत्वपूर्ण छ । तसर्थ क्वालिटी परियोजनाको कार्यान्वयनका लागि परियोजनासँग सम्वन्धित मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा शिक्षालयका प्राचार्यहरूलाई समग्र TVET का गुणस्तर सुधार सम्वन्धी कार्यक्रमहरु। प्राविधिक शिक्षामा गुणस्तर वृद्धि गर्न सो कर्मचारीहरुको क्षमता विकास गर्न यो कार्यक्रम समावेश गरिएको छ । |
| उद्देश्य | सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरू तथा स्थानीय तहमा शिक्षा शाखा/ महाशाखामा कार्यरत कर्मचारीहरु र शिक्षालयका प्राचार्यहरु र प्रशिक्षकहरूलाई TVET सम्वन्धी विषयमा क्षमता अभिवृद्धि गर्नु । |
| अपेक्षित उपलव्धि | सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरू तथा स्थानीय तहमा शिक्षा शाखा/ महाशाखामा कार्यरत कर्मचारीहरु र शिक्षालयका प्राचार्यहरु र प्रशिक्षहरूको कार्यसम्पादनमा सुधार, प्रभावकारी सेवा प्रवाह, प्रविधिको उपयोग, पारदर्शिता, समन्वय, सामाजिक समावेशीकरण, व्यावसायिक विकास, समस्या समाधान क्षमता र नवप्रवर्तनको प्रवर्द्धन हुनेछ । |
| संचालन प्रक्रिया | • प्रादेशिक PCIU बैठकवाट तालिमको आवश्यकता पहिचान गर्ने । • आवश्यकता पहिचान गरी यस आ.व. मा संचालन गरिने तालिमको सुची तयार गरी कुन तालिम कहिले संचालन गर्ने योजना बनाउने । • तालिमको विषयवस्तु एकिन गर्ने । • तालिमको मिति, समय, र स्थान निर्धारण गर्ने । • यस आ.व. मा संचालन गरिने तालिमको सुची अनुसार प्रशिक्षक छनोट गर्ने। |



सचिव, जन्मजय तिमि

| | |
|---|---|
| | • स्रोत र सामग्री व्यवस्थापन गर्ने ।<br>• सहभागीहरुलाई आमन्त्रण गर्ने ।<br>• तालीम र कार्यशाला संचालन गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PICC-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| प्रगती सूचक | कार्यक्रम संचालन, बैठकहरुको उपस्थितिको अभिलेख तथा प्रतिवेदन । |

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय गोदावरी (कैलाली), नेपाल

### ३.१.४ शिक्षालय सुधार योजना (SIP) / आइ.सी.टी. (ICT) र नमुना शिक्षालय सहयोग कार्यान्वयनको समीक्षा कार्यशाला सञ्चालन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९४ | १ | पटक | ५ लाख | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TVET) क्षेत्रको गुणस्तर, पहुँच, समावेशिता तथा कार्यसञ्चालन क्षमतामा सुधार ल्याउने उद्देश्यले विभिन्न सुधारमा शिक्षालय सुधार योजना, सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा नमुना शिक्षालय सहयोग कार्यक्रमहरु अपरिहार्य रहेको छ । उक्त कार्यक्रमलाई प्रभावकारी व्यवस्थापन तथा गुणस्तरीयता कायम गर्नका लागि यस कार्यक्रमले सहयोग गर्नेछ ।साथै शिक्षालयहरुले प्राप्त अनुदानको प्रभावकारी व्यवस्थापन, उपयुक्त खरिद प्रक्रिया अवलम्वन गरी गुणस्तरीय सामानको खरीद गर्न मार्ग निर्देशन गर्नेछ । |
| उद्देश्य | शिक्षालयहरुले शिक्षालय सुधार योजना, सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा नमुना शिक्षालय सहयोग कार्यक्रम अनुदानको प्रभावकारी व्यवस्थानमा सहयोग गर्नु । |
| अपेक्षित उपलब्धि | • शिक्षालय सुधार योजना, सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा नमुना शिक्षालय सहयोग कार्यक्रमहरुको बारेमा जानकार हुनेछन् ।<br>• शिक्षालयहरुले प्राप्त अनुदानको प्रभावकारी व्यवस्थान गर्न सक्षम हुनेछन् ।<br>• शिक्षालयहरुले उपयुक्त खरिद प्रक्रिया अवलम्वन गरी गुणस्तरीय सामानको खरीद र लेखा व्यवस्थापन गर्नेछन् । |
| संचालन प्रक्रिया | • PICC-P को बैठक बसी कार्यक्रम कार्यान्वयन बारे छलफल गरी निर्णय गर्ने ।<br>• PCIU-P बाट कार्यशालाका लागि छलफलका बुँदाहरु (एजेण्डा) तयार गर्ने।<br>• शिक्षालयहरूलाई पत्राचार गर्ने ।<br>• शिक्षालय सुधार योजना (SIP) / आइ.सी.टी. (ICT) र नमुना शिक्षालय सहयोग कार्यक्रम कार्यान्वयन, खरिद प्रक्रियाको वारेमा जानकारी गराउने ।<br>• कार्यक्रम संचालन गरी माईन्युट एवं कार्ययोजना र प्रतिवेदन तयार गर्ने। |
| मुख्य जिम्मेवारी | PCIU-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| प्रगती सूचक | कार्यक्रम संचालन पछि बैठकहरुको उपस्थितिको अभिलेख तथा प्रतिवेदन तयार गर्ने । |



मा. जन्मजय तिमिल्सिना
नि. प्रदेश सचिव
सामाजिक विकास मन्त्रालय

Scanned with CamScanner

### ३.२.१ प्रदेश स्तरमा TVET छात्रवृत्ति सम्बन्धी निर्देशिका सुधार तथा परिमार्जन ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५९५ | १ | पटक | ४ लाख | दोस्रो |
| पृष्ठभूमि | नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) लाई युवा रोजगार, उद्यमशीलता, तथा समावेशी विकासको आधारका रूपमा लिइन्छ । यसै सन्दर्भमा, प्रदेश सरकारको दायित्व अन्तर्गत परेका TVET कार्यक्रमहरूलाई थप प्रभावकारी, समान पहुँचयुक्त तथा समावेशी बनाउने उद्देश्यले छात्रवृत्ति कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएका छन् । यस्ता कार्यक्रमहरूले आर्थिक, सामाजिक तथा भौगोलिक दृष्टिले पछाडि परेका समुदायहरूका युवाहरूलाई TVET मा पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । संघीय तहवाट विकास गरिएका नीतिहरू लाई समाहित गर्दै प्रदेश तहमा कार्यान्वयन हुने छात्रवृत्ति निर्देशिकालाई अद्यावधिक तथा स्थानीय सन्दर्भ अनुकूल परिमार्जन गर्नु अत्यन्त जरुरी भएको छ । | | | | | |
| उद्देश्य | प्रदेश स्तरमा रहेका छात्रवृत्ति सम्बन्धी निर्देशिका पुनरावलोकन गरि TVET समते समेटेर एकीकृत निर्देशिका तयार गर्ने । | | | | | |
| अपेक्षित उपलब्धि | • प्रदेश स्तरमा TVET समेत समेटेर छात्रवृत्ति सम्बन्धी एकीकृत निर्देशिका तयार भएको हुनेछ । | | | | | |
| संचालन प्रक्रिया | • प्रदेश स्तरमा छात्रवृत्ति सम्बन्धी निर्देशिका अध्ययन तथा पुनरावलोकन गर्ने ।<br>• CTEVT ले प्रदान गर्ने छात्रवृति सम्वन्धमा अध्ययन गर्ने ।<br>• प्रदेश स्तरमा रहेका निर्देशिका र TVET समेत समेटेर एकीकृत मस्यौदा तयार गर्ने ।<br>• मस्यौदामा सरोकारवालाको राय सुझाव समेटेर अन्तिम रुप दिने । | | | | | |
| मुख्य जिम्मेवारी | PCIU-P, PICC-P | | | | | |
| वजेट वाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी खर्च गर्ने। | | | | | |
| प्रगती सूचक | प्रदेश स्तरमा TVET समेत समेटिएको छात्रवृत्ति एकीकृत निर्देशिका तयार भएको हुनेछ। | | | | | |

### ३.३.२ नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग ।

| बजेट उप शीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नं. (PLMBIS Code) | परिमाण | इकाई | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.५६८ | २ | वटा | ५० लाख | दोस्रो |
| पृष्ठभूमि | Quality परियोजना कार्यन्वयनका लागि छनोट गरिएका TVET प्रदायक शिक्षण संस्थाबाट दुई वटा शिक्षण संस्थालाई नमुना शिक्षालयमा रुपान्तरण गर्न र बेन्चमार्कको रुपमा केन्द्रित गर्न यो कार्यक्रम समावेश गरिएको हो । नमुनाको रुपमा छनोट गरिएको दुई वटा TVET प्रदायक शिक्षण संस्थाको शिक्षालय सुधार योजना निर्माण गर्नुका साथै प्रभावकारी रुपमा सञ्चालन गर्न आईसीटी सामग्री व्यवस्थापनका लागि सहयोग गरिनेछ । एउटा शिक्षण संस्थालाई आधुनिक प्रविधि मैत्री बनाएर, यसको | | | | | |



नि. प्रदेश सचिव जन्मजय तिमिल्सिना
सामाजिक विकास म

| | |
|---|---|
| | सिकाईबाट अरु शिक्षण संस्थाहरुलाई पनि आधुनिक प्रविधि मैत्री बनाउने योजना रहेको छ । |
| उद्देश्य | नमुना शिक्षण संस्थाहरू छनौट गरी विकास गर्ने । |
| अपेक्षित उपलब्धि | नमुना शिक्षण संस्थाहरूको स्थापना भएको हुनेछ । |
| संचालन प्रक्रिया | • PICC-P को बैठक बसी कार्यक्रम कार्यान्वयन बारे छलफल गरी निर्णय गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयले मापदण्ड र प्रस्ताव ढाँचा तयार गरी क्वलिटी परियेजनामा छनौट भएका शिक्षालयहरुवाट प्रस्ताव माग गर्ने ।<br>• मन्त्रालयले प्रस्ताव मुल्याङ्कन गरी शिक्षालयहरुको प्राथमिकिकरण गरि २ वटा शिक्षालयहरुको छनौट गर्ने ।<br>• मन्त्रालयले छनौट भएका शिक्षालयहरुसंग सम्झौता एवं आवश्यक बजेटको व्यवस्थापन गर्ने ।<br>• मन्त्रालयले छनोट भएका शिक्षालयलाई कार्यक्रम कार्यान्वयन प्रक्रियाका बारेमा अभिमुखिकरण गर्नेछ ।<br>• मन्त्रालयले सम्झौता रकमको पहिलो किस्ता बापत् ३० प्रतिशत रकम सम्वन्धित शिक्षालयको खातामा निकाशा गर्नेछ ।<br>• शिक्षालयले सम्झौतामा उल्लेख भएबमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।<br>• मन्त्रालयले छनोट भएका शिक्षालयहरुले सम्पादन गरेका कामको अनुगमन गर्ने र बील भरपाइको आधारमा अन्तिम किस्ता शिक्षालयलाई भुक्तानी गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P |
| बजेट बाँडफाँट | नियमानुसार बजेट बाँडफाँट गरी गराई खर्च गर्नुपर्ने । |
| प्रगती सूचक | शिक्षालय सुधार योजनामा छनोट भएका कार्यक्रमहरु सम्पन्न, शिक्षालयको रेकर्ड |

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री



Scanned with CamScanner

| परिणाम | मुख्य कार्यक्रम | इकाई | परिमाण | दर | सामाजिक विकास मन्त्रालय नगद अनुदान (३१) रु. हजारमा |
|---|---|---|---|---|---|
| नतिजा २ | प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यालयहरुले स्थानीय सरकार संग समन्वयगरी स्तर निर्धारण प्रकृया कार्यान्वयन गर्ने छन् | | | | |
| परिणाम २.१ | सामाजिक विकास मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यालय स्थापना गरी सो को क्षमता अभिबृद्धि गर्नेछ | | | | |
| २.१.१ | टिभेट सरोकारवालाहरूका लागि कार्यशाला सञ्चालन | वटा | 1 | 400 | 400 |
| २.१.२ | प्रादेशिक टीएसएसपी निर्माण, कार्ययोजना तयारी र सरोकारवालाहरुलाई अभिमुखिकरण | पटक | 1 | 300 | 300 |
| २.१.३ | परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन | पटक | 10 | 30 | 300 |
| २.१.४ | प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि सहजीकरण | पटक | 1 | 400 | 400 |
| २.१.५ | मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघिय निकायद्वारा आयोजित तालिम तथा गोष्ठीहरुमा सहभागिता खर्च | पटक | 5 | 100 | 500 |
| | परिणाम २.१ को जम्मा रकम | | | | 1,900 |
| परिणाम २.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यालयले सि.टी.ई.भी.टी.को तर्फवाट प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरुको स्तर निर्धारण प्रकृया तयार गर्ने छन् | | | | |
| २.२.१ | टिभेट शिक्षालयहरुलाई स्तर निर्धारणको लागि सहजीकरण | पटक | 2 | 200 | 400 |
| २.२.२ | टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण | पटक | 1 | 600 | 600 |
| २.२.३ | टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण | पटक | 15 | 50 | 750 |

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

नि. प्रदेश सचिव

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.४ | प्रशिक्षक प्रशिक्षणका लागि सहयोग तथा सहजीकरण | पटक | 2 | 50 | 100 |
| | **परिणाम २.२ को जम्मा रकम** | | | | **1,850** |
| परिणाम २.३ | सामाजिक विकास मन्त्रालयले स्थानीय सरकार संग समन्वयगरी सम्बन्धित शिक्षालयहरुलाई अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने छ | | | | |
| २.३.१ | प्रादेशिक TVET प्रोफाइल नेपालीमा अनुवाद र प्रकाशन | पटक | 1 | 400 | 400 |
| २.३.२ | श्रोत व्यवस्थापन र TVET शिक्षालय व्यवस्थापनको लागि PIC लाई क्रियाशील | पटक | 2 | 200 | 400 |
| २.३.३ | TVET सञ्चालन र व्यवस्थापनका लागि Industry-Institute सहकार्य र समन्वय अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी | पटक | 1 | 250 | 250 |
| | **परिणाम २.३ को जम्मा रकम** | | | | **1,050** |
| | **नतिजा २ को जम्मा रकम** | | | | **4,800** |
| **नतिजा ३** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुमा प्रशिक्षार्थि भर्ना (खासगरी बिपन्न वर्गका) बढ्ने छ र टिकाउदर वृद्धि हुने छ** | | | | |
| परिणाम ३.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुका प्राचार्यहरुले शिक्षण संस्था सुधार योजना तर्जुमा गर्ने सम्बन्धमा अभिमुखीकरण गरिएको हुनेछ | | | | |
| ३.१.१ | शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग | वटा | 23 | 950 | 21,850 |
| ३.१.३ | मन्त्रालय, टिभेट शिक्षण संस्थाका प्राचार्य,प्रशिक्षक, प्रशासनिक कर्मचारी र व्यवस्थापकहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन | वटा | 6 | 350 | 2,100 |
| ३.१.४ | शिक्षालय सुधार योजना (SIP)/ आइ.सी.टी. (ICT) र नमुना शिक्षालय सहयोग कार्यान्वयनको समीक्षा कार्यशाला सञ्चालन | पटक | 1 | 500 | 500 |
| | **परिणाम ३.१ को जम्मा रकम** | | | | **24,450** |
| परिणाम ३.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुमा छात्रबृत्ति को नीति तथा सञ्चार रणनीति लागु गरिएको हुनेछ | | | | |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२.१ | प्रदेश स्तरमा TVET छात्रवृत्ति सम्बन्धी निर्देशिका सुधार तथा परिमार्जन | पटक | 1 | 400 | 400 |
| | **परिणाम ३.२ को जम्मा रकम** | | | | **400** |
| परिणाम ३.३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुले डिजिटल पूर्वाधार सुधार गरिएको हुनेछ | | | | |
| ३.३.२ | नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग | वटा | 2 | 2,500 | 5,000 |
| | **परिणाम ३.३ को जम्मा रकम** | | | | **5,000** |
| | **नतिजा ३ को जम्मा रकम** | | | | **29,850** |
| | **नतिजा २ र ३ को जम्मा रकम** | | | | **34,650** |
| | **कूल रकम (रु. हजारमा)** | | | | **34,650** |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री